प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

**नोभल कोरोना भाइरस (कोभिड-१९) सम्बन्धि दैनिक प्रतिवेदन**

मितिः २०७७/०९/०१

(बेलुका ५:०० बजे)


## ❖ बागमती प्रदेशमा संक्रमणको अवस्था:


- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको करिब पचपन्न प्रतिशत (५४.७६%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा कम रहेको छ र मृत्यु हुनेमा बढ्दो उमेर र अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या कुल नेपालको भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | २५०९१६(१००%) | १३७४२५(१००%) |
| निको भएको | २३९४१६(९५.४%) | १३०६७४(९५.०८%) |
| उपचाररत | ९७५७(३.८८%) | ५८७४(४.२७%) |
| मृत्यु भएको | १७४३(०.६९%) | ८७७(०.६३%) |

श्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०९/०१

## ❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंग र उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छ:




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०९/०१

- यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ भने २१ देखि ५० वर्ष समुहका व्यक्तिहरुमा कोभिड-१९को संक्रमण बढी देखिएको छ । विगतमा भन्दा अहिले ६० वर्षभन्दा बढी उमेरमा पनि संक्रमण बढदै गएको देखिन्छ ।

## ❖ गत २४ घण्टामा आइ. सी. यु र भेन्टिलेटरमा भएका बिरामीको संख्याः

यस प्रदेशमा गत २४ घन्टामा आइ. सी. यु र भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या यस प्रकार रहेको छः

| विवरण | काठमाण्डौ उपत्यकाभित्र | काठमाण्डौ उपत्यकाबाहिर | जम्मा |
|---|---|---|---|
| **आइ. सी. यु मा उपचाररत बिरामीको संख्या** | ८३ | २१ | १०४ |
| **भेन्टिलेटरमा उपचाररत बिरामीको संख्या** | २४ | १ | २५ |

## ❖ गत २४ घण्टामा प्राप्त जिल्लागत निधनको संख्या जसमा बिगतमा छुट भएको संख्या पनि समाबेस भएको छः

| जिल्ला | मृतकको संख्या र विवरण | |
|---|---|---|
| | संख्या | विवरण |
| काठमाडौं | ३ | ३ पुरुष |
| **जम्मा — ३** | | |

## ❖ निधनको विवरण निम्न बमोजिम रहेको छः

- काठमाडौंका ७२ बर्षिय पुरुष कोभिड र निमुनियाका कारणले मंशिर २८ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर २९ गते निधन भएको छ । उहाँको मंशिर २१ गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई ब्रेन सम्बन्धि रोगको समेत समस्या थियो।

- काठमाडौंका ९५ बर्षिय पुरुष कोभिड, मुटु सम्बन्धि रोग र निमुनियाका कारणले मंशिर २८ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा मंशिर ३० गते निधन भएको छ । उहाँको मंशिर २८ गते कोभिड-१९ पुष्टि भएको थियो।

- काठमाडौंका ४६ बर्षिय पुरुष कोभिड र स्वासप्रस्वासमा समस्याका कारणले मंशिर १८ गते अस्पतालमा भर्ना गरी उपचार गर्ने क्रममा पौष १ गते निधन भएको छ । उहाँको मंशिर २१ गते कोभिड-१९ पुष्टि भएको थियो। उहाँलाई मृगौला, हईपोथैरोड् र उच्चरक्तचाप रोगको समेत समस्या थियो।

- उहाँहरुको दुखद् निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरणः

- हालसम्म बागमती प्रदेशमा ७४७७ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरिएकोमा हाल २२० जना बसिरहनुभएको छ। यस प्रदेशमा ४७०७ वटा संस्था गत आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ भने बस्ने को संख्या न्यून रहेको छ। आजको मितिसम्मको विवरण अनुसार यस प्रदेशमा १००८५४८ जनाको पिसिआर परिक्षण गरिएको छ र थप विवरण निम्न बमोजिम रहेको छ ।

| जिल्ला | RT-PCR परिक्षण सम्बन्धी विवरण | | | कै |
|---|---|---|---|---|
| | जम्मा संकलित स्वाब संख्या# | पोजेटिभ | आजको नयाँ संक्रमण | |
| काठमाण्डौ | ५६०२२१ | ९३७९१ | २९४ | |
| ललितपुर | २५१७२९ | १४६४७ | ७७ | |
| भक्तपुर | २३०५२ | ८५२४ | २० | |
| रसुवा | १६५७ | १९७ | ३ | |
| नुवाकोट | ९३६५ | १३६४ | १६ | |
| धादिङ | ६१८३ | १६२८ | ७ | |
| चितवन | ६१५४४ | ७०९८ | १६ | |
| सिन्धुली | २३५९ | ५४८ | | |
| मकवानपुर | ३३६२२ | ४२०४ | १३ | |
| रामेछाप | १४८५ | ५२५ | १ | |
| दोलखा | ३१६८ | ६७९ | ३ | |
| काभ्रेपलान्चोक | ४७५७४ | ३२८० | ८ | |
| सिन्धुपाल्चोक | ६५८९ | ९४० | २ | |
| जम्मा | १००८५४८ | १३७४२५ | ४६० | |

❖ श्रोतः पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख, #केहि जिल्लाहरुको अध्यावधि गर्न बाँकी रहेको छ

## ❖ मुख्य-मुख्य क्रियाकलापहरुः

- **संक्रमितको खोजी र फलो-अप कार्यः**

  सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी, सम्पर्कितहरुको फलो-अप र अन्य व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समेत समन्वयमा) कार्य भईरहेको छ ।

## ❖ प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रादेशिक जनस्वास्थ्य प्रयोगशालामा हिजोसम्म प्राप्त भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छः

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब सं - ख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC, हेटौडाको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | ३३५९३ | ३७ | ३७ | मकवानपुर- १० | ३० | |
| काभ्रेपलान्चोक, धुलिखेलको प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला | १६३८३ | ३७ | १०३ | धादिंग - १<br>भक्तपुर - १२<br>काठमाडौँ - ३<br>सिन्धुपाल्चोक - १<br>फलोअप- १२ | ७४ | |

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/

-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः https://covid19.mohp.gov.np/#/

-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/

-कोभिड-१९ संकट ब्यबस्थापन केन्द्रः ccmc.gov.np

-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates

-विश्व स्वास्थ्य संगठन / नेपालः https://www.who.int/nepal

अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं ।

धन्यवाद !

प्रवक्ता

डा. पुरुषोत्तम राज सेढाई